# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ बैशाख १८ गते

# शान्ति र सुरक्षाको प्रत्याभूति गरियोस

जनकपुरको रामानन्द चोकमा आज विहान १०:०० बजेतिर ४ जनाको ज्यान जाने गरी र २८ व्यक्ति घाइते हुने गरी बम बिष्फोटनको घट्नाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

जनकपुरका नागरिक समाज, बुद्धिजीवी, पत्रकार, प्राध्यापक, आदि समाविष्ट 'मिथिला राज्य संघर्ष समिति' को धर्नामा भएको सो विष्फोटन निन्दनीय छ ।

त्यस बमकाण्डको निष्पक्ष छानविन गर्न र दोषीको पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउन आयोग सरकारसंग माग राख्दछ । साथै घाइतेहरुको उचित उपचारको व्यवस्था गर्न पनि आयोग सरकारसंग माग गर्दछ ।

नयाँ संविधान घोषणा हुने घडी नजिकिंदै गर्दा यसप्रकारको घट्ना हुनु दुःखद र दुर्भाग्यपूर्ण हो । देशमा शान्ति र सुव्यवस्था कायम राख्न र नागरिकलाई शान्ति र सुरक्षाको अनुभूति दिलाउन सरकारलाई आयोग आग्रह गर्दछ ।

...............
विशाल खनाल
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org